आज मिति २०८३ साल वैशाख ३१ गते बिहिबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

| उपस्थिति | | | | |
|---|---|---|---|---|
| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | [signature] |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | [signature] |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | [signature] |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | [signature] |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | [signature] |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | [signature] |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | [signature] |
| ३० | श्री सत्यदेवी अधिकारी | सदस्य सचिव | | [signature] |

प्रतिलिपि प्रमाणित

हेटौंडा उपमहानगरपालिकाको ८२ औं नगर कार्यपालिका बैठकको निर्णयहरुः

<table>
<tr><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१) प्रगति समिक्षा सम्बन्धमा ।</td><td>मिति २०८२/१२/२६ गतेको ८१ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।</td></tr>
<tr><td>२) आय व्यय सम्बन्धमा ।</td><td>आर्थिक वर्ष २०८२/०८३ को मिति २०८३।०१।३० गतेसम्म कुल अनुमान गरिएको आयतर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत रु.१,७३,७४,३५,३४४।६६ अर्थात ५९.१९ प्रतिशत आम्दानी भएको र व्ययतर्फ रु.१,०९,६३,८१,७०३.९६ अर्थात ४३.०७ प्रतिशत खर्च भएको आय व्ययको विवरण जानकारी भयो ।</td></tr>
<tr><td>३) भवन भत्काउने सम्बन्धमा ।</td><td>हेटौंडा उपमहानगरपालिकाको कार्यालय परिसरभित्र पूर्वपट्टी रहेको तीन तल्ले भवन २०७२ सालमा गएको भुकम्प र मिति २०८२।०५।२३-२४ गते भएको जेनजी आन्दोलनका क्रममा जलेर पूर्ण रुपमा नष्ट भएको कार्यालयको प्रतिवेदन, प्रहरी मुचुल्काबाट देखिएकोले उक्त भवन नभत्काएमा कुनै पनि समयमा मानवीय तथा भौतिक क्षती हुने सम्भावना रहेको हुँदा उक्त भवन भत्काउन लाग्ने खर्च र सो भवनबाट निस्कने सामग्रीको मूल्य सहितको प्राविधिक प्रतिवेदन समेत प्राप्त भएको हुँदा प्रचलित कानूनको परिधिभित्र रही कार्यालय परिसरको पूर्व पट्टीको पूर्ण रुपमा कार्यालय सञ्चालन गर्न नमिल्ने भएको भवन भत्काउने प्रक्रिया अगाडि बढाउने ।</td></tr>
<tr><td>४) आय ठेक्काको न्यूनतम अङ्क अनुमोदन गर्ने सम्बन्धमा।</td><td>आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि हेटौंडा उपमहानगरपालिकाको आन्तरिक आय संकलन गर्नको लागि विभिन्न शीर्षकमा आय ठेक्का लगाउनु पर्ने भएको हुँदा राजस्व परामर्श समितिबाट मिति २०८३।०१।०७ र २०८३।०१।२४ गते देहायबमोजिम न्यूनतम अङ्क कायम गर्ने गरी भएको निर्णय अनुमोदन गर्ने:<br><br>देहायः
<table>
<tr><th>सि.नं.</th><th>आय शीर्षकको नाम</th><th>आ.व.२०८३/०८४ को लागि न्यूनतम ठेक्का अंक मु.अ.कर बाहेक रु.</th></tr>
<tr><td>१</td><td>पशु हाटबजार सेवा शुल्क संकलन</td><td>७,१५,०००।००</td></tr>
<tr><td>२</td><td>कवाडी कर शुल्क संकलन</td><td>६०,००,०००।००</td></tr>
<tr><td>३</td><td>विज्ञापन कर संकलन</td><td>२७,०७,०००।००</td></tr>
<tr><td>४</td><td>सार्वजनिक शौचालय प्रयोग शुल्क संकलन</td><td>१५,००,०००।००</td></tr>
<tr><td>५</td><td>सडक पूर्वाधार मर्मत संभार शुल्क संकलन</td><td>३,६०,००,०००।००</td></tr>
</table></td></tr>
</table>

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| ५) दायित्व भुक्तानी सम्बन्धमा । | (क) आर्थिक वर्ष ०८१/०८२ मा कार्य सम्पन्न भई भुक्तानी हुन दायित्व बाँकी रहेको तपसिल बमोजिमका योजना तथा कार्यक्रमको स्वीकृत म.ले.प.फा.नं.२२१ बमोजिमको विवरण सुत्रमा इन्ट्री हुन छुट भएको भनी सम्वन्धित वडा कार्यालयबाट लेखि आएको हुँदा उपमहानगरपालिकाको २०८२।०९।२५ गतेको १८ औं नगर सभामा पेश भई छुट भएको दायित्व भुक्तानी गर्नका १३ नं. वडा कार्यालयको च.नं.३१९३ मिति २०८३/०१/३० गतेको पत्र मार्फत वडाको विविध पूर्वाधार निर्माण शीर्षकमा विनियोजित बजेट रु.१५,१५,५९४।०० बाट भुक्तानी हुने गरी बजेट व्यवस्थापनको लागि पत्राचार भएको हुँदा उक्त वडा स्तरीय बजेटबाट क्रमागत योजनाको स्वीकृत गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने:<br>तपसिल<br>१. बुद्धमुर्ती निर्माण, हेटौंडा-१३ रु.२,००,०००।००<br>२. उज्यालो वडा कार्यक्रम, टुटेपानी पोल बत्ती मर्मत संभार, हेटौंडा-१३ रु.३,००,०००।००<br>(ख) आर्थिक वर्ष ०८१/०८२ मा कार्य सम्पन्न भई भुक्तानी हुन दायित्व बाँकी रहेको तपसिल बमोजिमका योजना तथा कार्यक्रमको स्वीकृत म.ले.प.फा.नं.२२१ बमोजिमको विवरण सुत्रमा इन्ट्री हुन छुट भएको भनी सम्वन्धित वडा कार्यालयबाट लेखि आएको हुँदा उपमहानगरपालिकाको २०८२।०९।२५ गतेको १८ औं नगर सभामा पेश भई छुट भएको योजना तथा दायित्व भुक्तानी बाँकीमा राखि गर्नका लागि गत वर्षको दायित्व पूँजीगत शीर्षकवाट खर्च रकम लेखी वडामा निकासा गर्ने:<br>तपसिल<br>१. ज्योती पथ अधुरो पुल, निर्माण, हेटौंडा-७ रू.९,४२,३०४।०९ |
| ६) त्रैमासिक प्रगती समिक्षा सम्बन्धमा । | आर्थिक वर्ष २०८२/८३ मा यस उपमहानगरपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको सम्वन्धमा महाशाखागत रुपमा प्राप्त त्रैमासिक प्रगती समिक्षाको प्रस्तुती पश्चात नगर कार्यपालिकाको बैठकमा जानकारी भयो । |
| ७) खेल मैदान निर्माण सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिका वडा नं.८ मा रहेको औद्योगिक क्षेत्रको खेल मैदान निर्माणको लागि प्रदेश शसर्त कार्यक्रम अन्तर्गत रु.२५,००,०००।०० बजेट विनियोजन भई योजना कार्यान्वयनको लागि कार्यालयबाट सहमति माग भएकोमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड शाखा कार्यालय हेटौंडा औद्योगिक क्षेत्रको च.नं. ७४८ मिति २०८३/०१/२३ को पत्रबाट सो खुला चौरमा कुनै पनि स्थायी संरचना निर्माण नगर्ने तथा भविष्यमा कुनै पनि दायित्व सम्बन्धमा दावि नगर्ने गरी दुवो रोप्न वा सौन्दर्यकरण गर्ने प्रयोजनका लागि सहमति प्राप्त भएकोले सोही अनुसार योजना कार्यान्वयन प्रकृया अगाडी बढाउने । |

प्रतिलिपि प्रमाणित

८) योजना संशोधन सम्बन्धमा।

हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा वडा कार्यालय, विभिन्न महाशाखा, शाखाबाट कार्यान्वयन हुने गरी विनियोजित भएका तपसिलबमोजिमका योजना तथा कार्यक्रम संशोधन गर्नका लागि माग भई आएको हुँदा योजना तथा कार्यक्रम संशोधन गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने ।

तपसिल

| सि.नं. | स्वीकृत योजनाको नाम | रकम | संशोधित योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | हर्नाफाँट देखि झोलुङ्गेपुल तर्फ सिंचाई कुलो निर्माण, हेटौंडा-१८ | ६,५०,०००।०० | हर्नाफाँट अम्मटे तर्फ सिंचाई कुलो निर्माण, हेटौंडा-१८ | ६,५०,०००।०० | सम्बन्धित वडाको सिफारिस अनुसार |
| २ | वडा कार्यालय भवन निर्माण, हेटौंडा-६ | १५,००,०००।०० | वडा सामुदायिक भवन निर्माण, हेटौंडा-६ | १५,००,०००।०० | सम्बन्धित वडाको सिफारिस अनुसार |
| ३ | दक्षिणकाली मन्दिरदेखि पदमपोखरी चोक नाला निर्माण, हेटौंडा-१३ | २,५०,०००।०० | दक्षिणकाली मन्दिरदेखि पदमपोखरी चोक नाला निर्माण हेटौंडा-१३ (क्रमागत योजना) | २,५०,०००।०० | |
| ४ | वडा नं.११ स्थित मेनरोडबाट डि.आई.जी.कार्यालय जाने करिव २०० मि.भित्रि बाटोमा स्ल्याव ढलान | ५,००,०००।०० | वडा नं.११ स्थित मेनरोडबाट डि.आई.जी. कार्यालय जाने करिव २०० मि.भित्रि बाटोमा कालो पत्रे गर्ने कार्य | ५,००,०००।०० | |
| ५ | थाना भर्याङ्ग टोल विकास संस्था अन्तर्गत यातायात कार्यालय जाने बाटो नाला निर्माण,हेटौंडा,११ | ४,००,०००.०० | तल्लो थाना भर्याङ्ग टोल विकास संस्था अन्तर्गत यातायात कार्यालय जाने बाटो नाला निर्माण, हेटौंडा,११ | ४,००,०००.०० | |
| ६ | मागमा आधारित विविध कार्यक्रम | १०,००,०००।०० | समृद्ध हेटौंडा वहस कार्यक्रम | १५,००,०००।०० | |
| ७ | कविता महोत्सव | ५,००,०००।०० | | | |

९) जग्गा सिफारिस सम्बन्धमा ।

तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता रहेको संस्थाले हेटौंडा उपमहानगरपालिका वडा नं.६ रामनगरमा रहेको पूर्व तर्फ तिलक बहादुर गुरुङको जग्गा, पश्चिम तर्फ खहरे खोला, उत्तर तर्फ नेवार समुदायको गुठी तथा कालिका मन्दिर, दक्षिण तर्फ बाँसको झ्याङ्ग यति चार किल्लाभित्रको करिब ०-३-० जग्गामा उक्त परिषदको नाममा लिजमा उपलब्ध गराई पाउन माग भई आएको सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ६ बमोजिमको प्रकृयाको लागि हेटौंडा उपमहानगरपालिका वड नं. ६ स्थित फिल्डबुकमा खोला जनिएको उक्त ३ कठ्ठा जग्गा सम्बन्धित वडा कार्यालयको सिफारिस र प्राविधिक प्रतिवेदन समेतको आधारमा उक्त परिषदलाई लिजमा उपलब्ध गराउने गरी प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| १०) कार्यदल गठन सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिकाको आवधिक शिक्षा योजना निर्माण/अन्तिमिकरण गर्न तपसिलबमोजिको कार्यदल गठन गर्ने:<br>तपसिल<br>संयोजक- शिक्षा विकास महाशाखा प्रमुख<br>सदस्य- प्रशासन महाशाखा प्रमुख<br>सदस्य- कानुन शाखा प्रमुख<br>सदस्य- प्र.अ. किशोर पराजुली (सामुदायिक विद्यालय तर्फ)<br>सदस्य- प्र.अ. मालती उप्रेती (सामुदायिक विद्यालय तर्फ महिला प्र.अ.)<br>सदस्य- प्र.अ. श्यामकुमार बानिया (संस्थागत विद्यालय तर्फ)<br>सदस्य- रबिन्द्र पोखरेल (विद्यालय व्यवस्थापन समित अध्यक्ष मध्येबाट)<br>सदस्य- गिताप्रसाद दुलाल (शिक्षक अभिभावक संघ अध्यक्ष मध्येबाट)<br>सदस्य सचिव- रमेश विडारी- शिक्षा अधिकृत<br>उक्त समितिले आवश्यकता अनुसार विज्ञ तथा अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । |
| ११) समृद्ध हेटौंडा बहस कार्यक्रम सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिकाको आफ्नै सभाहल नभएको विभिन्न नगर गौरवका विषयमा कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको हुँदा कार्यालयले आयोजना गर्ने विशेष महत्व/नगर हितका लागि सञ्चालन गर्न लागेको समृद्ध हेटौंडा बहस कार्यक्रममा देशका प्रवुद्ध तथा विशिष्ट व्यक्तिहरुलाई आमन्त्रण गरिएकोले नगर दिगो विकास, सुशासन, पारदर्शिता र आगामी कार्यदिशाका सम्बन्धमा महत्वपूर्ण कोशेढुङ्गा सावित हुन जाने हुँदा उक्त कार्यक्रम सञ्चालन गर्नका लागि चालु आर्थिक वर्षमा विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित महाशाखाबाट पेश भएको प्रस्तावना र आर्थिक प्रस्तावमा उल्लेख भएको नर्म्स बमोजिम हुने गरी हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०८१ को दफा २७ को उपदफा (२) बमोजिम कार्यक्रम सञ्चालन गर्न अनुमति दिने । |

प्रतिलिपि प्रमाणित